# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ९

## अरू चेलाहरूसँग कसरी सँगति गर्नुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''प्रभु येशूले पत्रुसलाई भन्नुभयो –'अनि म पनि तिमीलाई भन्दछु, तिमी पत्रुस हौ। अनि यस चट्टानमाथि म आफ्नो मण्डली निर्माण गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्।''** **मत्ती १६:१८**

पाठ ३मा हामीले हाम्रो जीवनको सम्बन्धमा परमेश्वरको इच्छाको विषयमा यति बुझ्न पायौं कि हामी हरेकले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउनुपर्छ। साथै मुक्ति पाएपछि पहिला कदमहरू चलेर हामी अघि बढ्नुपर्छ। यस सम्बन्धमा हाम्रो व्यक्तिगत कर्तव्यको बारेमा हामीले कति कुरा सिकिसक्यौं। अब प्रभुको बाटोमा अरू चेलाहरूसँग कसरी सँगति गर्नुपर्छ, सो कुरा हामी सिक्नेछौं। पहिलेका विश्वासीहरूले खुशीसाथ परमेश्वरको वचन ग्रहण गरे। त्यसपछि सबैले प्रभु येशूको नाममा बप्तिस्मा लिएर उनीहरू एउटा नयाँ समाजमा थपिए। प्रभुका चेलाहरू बाइबलको शिक्षा सिक्न र आपसमा प्रेमसित सँगति गर्न चाहन्थे। अरू मानिसहरूले उनीहरूलाई हेला गरे पनि उनीहरूले एक-अर्काबाट सान्त्वना पाउँथे। उनीहरू प्रभु येशूको मृत्युको सम्झना गर्ने गर्थे र सबै कुराका निम्ति मिलेर प्रार्थनामा परमेश्वरमाथि भरोसा गर्थे। उनीहरू एक नयाँ समाज बने, जसलाई 'मण्डली' भनिन्छ। यस मण्डलीको निर्माणकर्ता प्रभु येशू आफै हुनुहुन्छ, जसरी हामी मत्ती १६:१८ पदमा पढ्न पाउँछौं। यस मण्डलीको बलियो जग मृत्युमाथि जय पाउनुभएको जीवित प्रभु येशू हुनुहुन्छ। यसैकारण प्रभुको मण्डलीका सदस्यहरू कमजोर मानिसहरू भए पनि त्यसका शत्रुहरू विजयी हुनेछैनन् भन्ने प्रतिज्ञा प्रभु येशूले यही पदमा दिनुभयो। गत २००० वर्षको इतिहासले पनि यही कुरा पुष्टि गर्छ, किनभने मण्डलीको शुरुदेखि आजसम्मै प्रभु येशूका सच्चा चेलाहरूको विरोधमा अनेकौं दुष्ट युक्तिहरू रचिएका थिए। उनीहरू घरिघरि घोर सतावटमा परेका थिए, तर पनि नाश भएनन्। झन् आज सारा संसारमा प्रभु येशूको सत्य मण्डली बढ्दैछ।

### क - प्रभु येशूको मण्डली एफेसी १:२१-२३, २:१९-२२, ३:१०-११,१५-२१, ४:७,११-१६

**''परमेश्वर पिताले प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो र आफ्नो दाहिने हातमा.... स्वर्गीय स्थानहरूमा बसाल्नुभयो, अनि सबै कुराहरू उहाँका पाउमनि पारिदिनुभयो र उहाँलाई सबै कुराहरूमाथि शिर हुनाका निम्ति मण्डलीलाई दिनुभयो, जोचाहिँ उहाँको शरीर अर्थात् उहाँको परिपूर्णता हो। उहाँले सबैमा सबै कुरा भरिदिनुहुन्छ।''** **एफेसी १:२१-२३**

**अ) एफेसी १:२१-२३, कलस्सी २:१९**

पुरानो समयमा परमेश्वरले आफ्ना मानिसहरूको बीचमा आफ्नो वासस्थान स्थापित गर्नुभएको थियो र यसैमा वास गर्नुभयो। जुन भवन परमेश्वरले वासस्थान हुनका निम्ति छान्नुभयो, त्यसलाई समर्पण हुने बेलामा उहाँले आफ्नो महिमाले भरिदिनुभयो। यसरी सबै मानिसहरूले यो परमेश्वरको वासस्थान हो भनी पक्का गरी जाने (प्रस्थान ४०:३४-३५, १ राजा ८:१०-११)। यस संसारमा हुनुहुँदा प्रभु येशूले मानिसहरूलाई आफ्नो पछि लाग्न भनी बोलाउनुभयो। उनीहरूका निम्ति उहाँ क्रूसमा मर्नुभयो र मुक्तिको प्रबन्ध तयार गर्नुभयो। यी मानिसहरूलाई लिएर प्रभु येशूले एउटा आत्मिक वासस्थान बनाउनुहुन्छ। त्यस आत्मिक वासस्थानलाई मण्डली भनिन्छ। त्यो मण्डली कुनै भवन होइन, तर प्रभु येशूमाथि विश्वास गर्नेहरूको झुण्ड हो। जब प्रभु येशू मरेकाहरूबाट बौरेर जिइउठ्नुभयो र स्वर्गारोहण हुनुभयो, तब उहाँ परमेश्वर पिताको दाहिने हातमा बस्नुभयो र मण्डलीको शिर हुनुभयो। पेन्टेकोष्टको दिनमा उहाँले तयार पार्नुभएको झुण्डमाथि पवित्र आत्मा खन्याउनुभयो र यसरी नै आफ्नो मण्डलीलाई समर्पण गर्नुभयो। त्यस दिन प्रभु येशूको मण्डली शुरु भयो (प्रेरित २:३३)। त्यस मण्डलीको शिर जीवित प्रभु येशू हुनुहुन्छ, अनि मण्डलीचाहिँ उहाँको शरीर हो। त्यस मण्डलीका सदस्य हुनका निम्ति हामीले प्रभु येशूमाथि विश्वास गरेर मण्डलीको शिरलाई पक्रनुपर्छ र पवित्र आत्मा पाई हामी सबै त्यस आत्मिक शरीरमा अङ्गहरूझैं गाभिनुपर्छ (१ कोरिन्थी १२:१३)। के तपाईं प्रभु येशूको मण्डलीको एक जिउँदो अङ्ग हुनुहुन्छ?

**आ) एफेसी २:१९-२२, १ पत्रुस २:५**

हामी सबै पापमा आत्मिक हिसाबले मरेका थियौं। जीवित प्रभु येशूमाथि विश्वास गरेका हुनाले परमेश्वरले हामीलाई पवित्र आत्माद्वारा जिउँदो पारिदिनुभयो। यसरी परमेश्वरले हामीलाई प्रभु येशूको मण्डलीमा थप्नुभयो। यसकारण हामी अब जिउँदा पत्थरहरूझैं अरू सबै पवित्र जनहरूसँग त्यही आत्मिक वासस्थानमा गाभिएका छौं। प्रभु येशू र उहाँका प्रेरितहरू मण्डलीको जग हुनुहुन्छ भने हामीचाहिँ पछि आ-आफ्नो समयमा उहाँहरूमाथि थपिँदै गएका जिउँदा पत्थरहरू हौं। यसो गर्दा प्रभुको मण्डली बढ्दै जान्छ र एक दिन अन्तिम विश्वासी थपिँदा परमेश्वरको वासस्थान पूरा हुनेछ। जब मण्डली तयार हुन्छ, तब प्रभु येशू त्यसलाई आफूकहाँ लानको निम्ति आउनुहुनेछ। त्यो दिन नजिकै आइरहेको छ भनी हामी विश्वास गर्छौं। यसकारण हाम्रा प्रेमी प्रभु येशूलाई भेट्न हामी दुलहीले झैं आफैलाई तयार पारौं।

**इ) एफेसी ३:१०-११,१५-२१**

मण्डली प्रभु येशूको मुटुको टुक्रा हो। त्यसको निम्ति उहाँ क्रूसमा मर्नुभयो र आफ्नो रगतले हरेक भाषा, कुल र जातिबाट हामीलाई परमेश्वरका निम्ति किन्नुभयो (प्रकाश ५:९-१०)। अब हामी अर्थात् प्रभुको मण्डलीद्वारा परमेश्वरले आफ्नो बुद्धि, विचार र आफ्ना रहस्यमय योजनाहरू प्रकट गर्नुहुन्छ। मण्डलीमा सदा-सर्वदा प्रभुको महिमा हुनुपर्छ। यसैकारण परमेश्वरले हामीलाई प्रभु येशूको मण्डलीमा गाभ्नुभएपछि यस सम्बन्धमा गहिरो ज्ञान दिन चाहनुहुन्छ। हामी परमेश्वरको सारा पूर्णताले भरपूर हौं भन्ने अभिप्राय उहाँले लिनुभएको छ। पवित्र आत्माको शक्तिले हामी आत्मिक तवरले बलियो हौं, प्रभु येशूमाथि हाम्रो विश्वास अटल रहोस्, र हामी प्रभु येशूको अपार प्रेमको ज्ञानमा बढ्दै जाऔं भन्ने प्रार्थना हामीले प्रेरित पावलले झैं चढ़ाउन सिक्नुपर्छ, तब मात्र परमेश्वरको इच्छा हामीद्वारा पूरा हुनेछ। के तपाईंको चाहना पनि यही हो?

**ई) एफेसी ४:७,११-१६**

प्रभु येशू मण्डलीको शिर हुनुभएको छ। त्यसैले उहाँले आफ्नो इच्छाअनुसार मण्डलीमा हामी हरेकलाई आत्मिक वरदानहरू दिनुभयो। यी वरदानहरूद्वारा हामीले प्रभुको सेवा र महिमा गर्नुपर्छ। यी वरदान-हरूद्वारा हामीले एक-अर्काको उन्नति गर्नुपर्छ। यसो गर्दा हामी विश्वासमा र प्रभु येशूको चिन्ने ज्ञानमा बढ्नेछौं र यसरी नै प्रभुको सम्पूर्ण आशिष् अनुभव गर्नेछौं। जो आत्मिक रूपले बालक रहन्छ, त्यसलाई दुष्ट मानिसहरूले छल गरेर भ्रम पार्न सक्छन्, किनभने त्यो स्थिर छैन। यस्तो मानिसबाट कसैलाई केही लाभ हुँदैन। तर जो अरू विश्वासीहरूसँगको प्रेमको सँगतिमा रहन्छ, ऊ प्रभुमा बढ्छ र उसले अरूको उन्नति गर्छ। यसमा प्रभु येशूले हामी हरेकलाई आ-आफ्नो जिम्मा र काम दिनुभएको छ। जब तपाईंलाई दिइएको अनुग्रहअनुसार तपाईंले प्रभुको सेवा गर्नुहुन्छ, तब तपाईंको जीवनमा परमेश्वरको इच्छा पूरा हुनेछ। प्रभु येशूको प्रेमले तपाईंमा यही फल उत्पन्न गरेको होस्।

## ख - प्रभु येशूका स्थानीय मण्डलीहरू

**मत्ती १८:२०, प्रेरित २:४१-४२**

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''किनकि जहाँ दुई वा तीनजना मेरो नाममा भेला हुन्छन्, त्यहाँ तिनीहरूको बीचमा म हुन्छु।''**

**मत्ती १८:२०**

**अ) मत्ती १८:२०**

उक्त उल्लेख गरिएका कुराहरू व्यवहारमा ल्याउने र सिक्ने ठाउँ स्थानीय मण्डली हो। यसैकारण हामी सबै एउटा स्थानीय मण्डलीको सदस्य हुनुपर्छ। किनभने प्रभुका जनहरू जहाँ भेला हुन्छन्, के त्यो कुनै न कुनै ठाउँमा होइन र? भारतको मण्डली, नेपालको मण्डली पाइँदैन। तर काठमाडौं, पोखरा, धरान, दार्जिलिङ्गजस्तै ठाउँहरूमा तपाईं प्रभुको मण्डली पाउनुहुन्छ। के तपाईंको गाउँमा पनि प्रभु येशूको नाममा भेला हुने सत्य मण्डली छ? छ भने के तपाईं यसैको सक्रिय सदय हुनुहुन्छ? प्रभुको मण्डली छैन भने के तपाईंको गाउँघरमा उहाँको महिमा गर्ने मण्डली स्थापित हुनको निम्ति तपाईं प्रार्थना गर्नुहुन्छ? मण्डली बन्नको निम्ति धेरै मानिसहरूको खाँचो छैन। प्रभु येशूको वचनअनुसार दुई वा तीनजनाबाट मण्डली शुरु हुन्छ। यसका निम्ति कुनै विशेष घर वा भवन पनि चाहिँदैन, किनभने प्रभुको मण्डली मुक्ति पाएका मानिसहरूको जमात हो। कहीं तपाईं कुनै ठूलो चर्च-भवन वा गिर्जा-घर देखेर त्यसलाई मण्डली सम्झनुहुन्छ होला। तर यो एउटा भूलविचार हो। जहाँ विश्वासीहरू प्रभुको नाममा भेला हुन्छन्, प्रभु त्यहाँ उपस्थित हुनुहुन्छ।

आजको दिनसम्म संसारभरि थुप्रै मण्डलीहरू भए। तीमध्ये सत्य परमेश्वरको वचनअनुसार चल्न चाहने सत्य मण्डलीहरू पनि हुन्छन्, साथै झूटा शिक्षाहरूमा ध्यान दिने पनि हुन्छन्। सत्य र झूटा मण्डलीहरू खुट्ट्याउने ज्ञान हामी तपाईंलाई पछि दिन्छौं। तर अहिले सत्य मण्डलीभित्र हामीले कसरी प्रवेश गर्नुपर्छ, सो पहिले सिकौं।

**आ) प्रेरित २:४१-४२**

तपाईं पाठ ३ पल्टाउनुहोस् र त्यहाँ फेरि एकपटक हेर्नुहोस् भनी हामी तपाईंलाई अनुरोध गर्छौं। पहिले हामीले प्रभु येशूको सुसमाचार सुन्नु र बुझ्नुपर्छ। हामीलाई मुक्ति पाउनु खाँचो छ। त्यो मुक्ति अर्थात् पापको क्षमा प्रभु येशूमा छ। उहाँमाथि हामीले विश्वास गरेर मुक्ति पाउनुपर्छ। यसैले हामी तपाईंलाई फेरि एकचोटि सोध्छौं - के तपाईंले पापको क्षमा पाउनुभएको छ? जसले मुक्ति पाएको छ, उसले प्रभु येशूको नाममा बप्तिस्मा लिन्छ। जुन मानिसबाट मुक्तिको सुसमाचार सुनेर तपाईंले विश्वास गर्नुभयो, उनको मण्डलीबाट बप्तिस्मा लिनु नै हामीलाई ठीक लागेको छ। तपाईंको गाउँमा सत्य प्रभुको

मण्डली छ भने त्यहाँ जानू हामी तपाईंलाई सल्लाह दिन्छौं। कुनै विश्वासीले बप्तिस्मा नलिनु वा बिनामण्डली रहनु ठीक होइन। यसैले तपाईंको निम्ति हाम्रो प्रश्न यो छ – के तपाईंले प्रभु येशूको नाममा बप्तिस्मा लिनुभयो? के तपाईं कुनै स्थानीय मण्डलीको सदस्य बन्नुभयो? तपाईंको निम्ति परमेश्वरको इच्छा यही हो। प्रभुको सत्य मण्डलीमा नयाँ नियमको शिक्षाअनुसार चल्नुपर्छ, आपसमा प्रेमसाथ रेखदेख र हेरचाह गरिन्छ। मण्डली भेला भई प्रभु येशूको स्तुति-प्रशंसा गर्छ, आफूलाई सधैं प्रभुको सामु नम्र तुल्याउँछ अनि प्रभुको वचन र उहाँको महान् प्रेमबाट प्रेरणा पाउँछ। यहाँ हामी परमेश्वरमाथि भरोसा राख्न र प्रार्थना गर्न सिक्छौं। के तपाईंको अनुभव पनि यस्तो छ?

## ग – प्रभु येशूको मण्डलीको प्रशासन

**प्रेरित १४:२३, १ कोरिन्थी १४:३३,४०**

प्रभु येशूको मण्डलीमा सधैं परमेश्वरको महिमा हुनुपर्छ। मण्डलीमा कुनै गड़बड़ हुनुहुँदैन, तर सबै कुराहरू शिष्टतापूर्वक र क्रमअनुसार हुनुपर्छ। यसो हुनको निम्ति प्रभुले आफ्नो मण्डलीमा अगुवाहरू नियुक्त गर्नुहुन्छ, जसलाई एल्डरहरू भनिन्छ। उनीहरू मण्डलीको जिम्मेवारी बोक्ने आत्मिक रूपले पाको मानिसहरू हुन्। उनीहरूको आत्मिक स्तर उच्च हुनुपर्छ (१ तिमोथी ३:, तीतस १:५-९)। उनीहरूको व्यक्तिगत जीवन र परिवारिक जीवन उदाहरणको हुनुपर्छ (१ तिमोथी ३:४-५)। उनीहरूले प्रभुको शिक्षाको ज्ञानमा तालिम पाएर प्रभुको मार्ग राम्ररी जान्ने हुनुपर्छ र मण्डलीलाई झूटो शिक्षाबाट जोगाउनुपर्छ (तीतस १:९)। नयाँ विश्वासी वा स्त्री-मानिस अगुवा हुनुहुँदैन (१ तिमोथी २:१२ र ३:६)। एकजना एल्डर मात्र हुनुहुँदैन, अगुवाहरू हुनुपर्छ। सम्पूर्ण मण्डली उनीहरूको अधीनतामा रहनुपर्छ (हिब्रू १३:७,१७), किनभने यो ठूलो जिम्मेवारी उनीहरूले प्रभुबाट पाएका छन् र यसको लेखा उनीहरूले दिनुपर्छ (प्रेरित २०:२८-३२, १ पत्रुस ५:१-४)। परमेश्वरको मण्डलीका अगुवाहरूलाई हामीले आदर देखाउनुपर्छ (१ थेस्सलोनिकी ५:१२-१३)। उनीहरूलाई पाल्ने जिम्मेवारी मण्डलीका सदस्यहरूलाई दिइएको छैन, तर उनीहरूलाई सबै असल कुराहरूको भागी हुन दिइएको छ (गलाती ६:६)। कुनै स्थानीय मण्डलीमाथि बाहिरबाट चलाउने प्रशासन हुनुहुँदैन। यो सम्पूर्ण जिम्मा मण्डलीका एल्डरहरूलाई दिइएको छ (प्रेरित २०:२८)।

## घ – प्रभु येशूको मण्डलीका सभा र कामहरू

**"तब भाइहरूहो, हामी कसो गरौं त? जब तिमीहरू भेला हुन्छौ, तब तिमीहरूमध्ये हरेकसँग भजन होस्, शिक्षा होस्, अन्य-भाषा होस्, प्रकाश होस्, अनुवाद होस्। सबै कुरा उन्नतिको निम्ति गरिओस्।" १ कोरिन्थी १४:२६**

### अ) १ कोरिन्थी १४:२६, १ पत्रुस २:५ र ९, हिब्रू १०:२४-२५

जहाँ प्रभुका जनहरू एक ठाउँमा भेला हुन्छन्, त्यहाँ प्रभु येशूको मण्डली हुन्छ भन्ने कुरा हामीले अघिबाट सिक्न पायौं। पहिलेदेखि नै विश्वासीहरू प्रभुको दिनमा अर्थात् हप्ताको पहिलो दिनमा भेला भए। प्रभु येशूको बौरिउठाइको दिन हो सम्झी उनीहरू र हाम्राका निम्ति त्यही दिन मुख्य भेला हुने दिन हो। मण्डलीको नियमअनुसार सेवाको समय तोकिएको हुन्छ र त्यही समयमा सबै सदस्यहरू भेला हुनुपर्छ। मुक्ति पाएकाहरू हामी सबैजना परमेश्वरका पूजारी हौं। तब उहाँलाई चढ़ाउनको निम्ति हामीले केही न केही कुरा ल्याउनुपर्छ। हामीले आत्मिक बलिदानहरू चढ़ाउनुपर्छ। यसैकारण हरेकले

कुनै भजन अर्थात् आत्मिक गीत, कुनै बाइबलको शिक्षा, कुनै आत्मिक ज्ञान वा कुनै विश्वासको अनुभवको गवाही तयार गरी ल्याउनु र मण्डलीलाई बताउनुपर्छ। यो परमेश्वरको तरिका हो। तर अचेल विश्वासीहरू अल्छी गर्छन् र एकजना पाष्टरलाई राख्छन्, जसले सबै सेवा र प्रचार आफूले गर्नुपर्छ। तर यो बेठीक तरिका हो। मण्डलीमा हामी सबैले परमेवरको सेवा गर्नुपर्छ।

**आ) रोमी १२:१-८, १ पत्रुस ४:१०-११**

प्रभु येशूले हामीलाई प्रेम गरी हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो। यसैले हामी उहाँको प्रेमको ऋणी छौं। परमेश्वरको ठीक सेवा गर्ने हो भनेदेखि हामीले आफ्नो जीवन एउटा जिउँदो बलिदानको रूपमा चढ़ाउनुपर्छ। यसको अर्थ के हो? हामीले परमेश्वरको सेवाको निम्ति आफ्नो जीवन अर्पण गर्नुपर्छ र आफूले पाएको वरदानअनुसार एक-अर्काको उन्नति गर्नुपर्छ। यस सम्बन्धमा हामीले फरक-फरक वरदानहरू पाएको कुरा याद गर्नुपर्छ। यसर्थ तपाईंले गर्नुपर्ने सेवा म गर्न सक्दिनँ र तपाईं मैले गर्नुपर्ने सेवा गर्न सक्नुहुन्न। मण्डलीमा हरेक सदस्यको खाँचो छ, यसमा कुनै नचाहिएको अङ्ग नै छैन। यसकारण आफूले पाएका वरदानहरूअनुसार हामी मण्डलीमा परमेश्वरको महिमा गरौं।

**इ) यूहन्ना ४:२३, १ पत्रुस २:५ र ९**

अघि हामीले भन्यौं कि हामी सबै परमेश्वरका पूजारी भयौं। परमेश्वर पिताको उपासना गर्नु नै मानिसको सबभन्दा ठूलो कर्तव्य हो। यसैले यस कुरामा ध्यान दिनुहोस्, किनभने उहाँको उपासना आत्मामा र सत्यतामा हुनुपर्छ। साँचो गरी मुक्ति पाएको मानिसले पवित्र आत्माद्वारा परमेश्वरलाई 'हे बुवा' भनी पुकार्न जान्दछ। उहाँलाई आत्मिक बलिदान चढ़ाउनु नै हाम्रो जीवनभरिको काम हो। चाहे व्यक्तिगत जीवनमा, चाहे परिवारिक जीवनमा वा मण्डलीमा हामी उहाँका महान् कार्यहरू र उहाँका गजबका सद्गुणहरूको प्रशंसा गर्छौं।

**ई) प्रेरित २:४२, एफेसी ४:११-१२, ५:१८-१९, कलस्सी ३:१६-१७,**

हाम्रो आत्मिक जीवनको लागि परमेश्वरको वचनले सधैं पहिलो स्थान पाउनैपर्छ। मण्डलीमा पनि पवित्र बाइबलको र विशेष गरी नयाँ नियमको शिक्षा हामीले पाउनैपर्छ। यसमा हामी हरेकको कर्तव्य छ। यदि तपाईंले बाइबल पढ्नुहुन्न र अध्ययन गर्नुहुन्न भने तपाईं अरूलाई कसरी सिकाउन सक्नुहुन्छ? तपाईं परमेश्वरसित समय बिताउनुहुन्न भने उहाँको बारेमा अरूलाई के बताउनुहुन्छ? यसकारण परमेश्वरको वचन अध्ययन गर्नुमा अल्छी नगर्नुहोला। परमेश्वरको अमूल्य वचन बाइबलको अध्ययनमा परिश्रम गर्ने कुनै मानिस आशिष्बिना रहँदैन। उसले अरूलाई यो आशिष् बाँड्दा ऊ एक उन्नतिको कारण बन्दछ। यसैले ख्रीष्टको वचनले हामी हरेकभित्र प्रशस्त गरी वास गरोस्।

**उ) १ कोरिन्थी १६:१, हितोपदेश ३:९-१०, २ कोरिन्थी ८:१-५, ९:६-७**

परमेश्वरलाई भेटी चढ़ाउने सम्बन्धमा हामी तपाईंलाई यति लेख्न चाहन्छौं कि पुरानो नियमको समयमा परमेश्वरको जनहरू उहाँलाई आम्दानी वा कमाइको दसौं भाग दिएर परमेश्वरको आदर गर्ने गर्थे। मण्डलीमा पनि भेटी दिँदा आफ्नो फलिफापअनुसार दिनू भनिएको हामी पाउँछौं। यसकारण दसौं भाग दिनु हामीलाई पनि ठीक लाग्छ। तर यसमा करकाप छैन, किनभने खुशीसित दिने

मानिसलाई परमेश्वर मन पराउनुहुन्छ। यसकारण हामी परमेश्वरलाई दसौं भाग दिन सिकौं र आफ्नो सम्पत्तिले उहाँको आदर गरौं। थोरै छर्नेले थोरै कटनी गर्छ, तर धेरै छर्नेले धेरै कटनी गर्छ भन्ने प्रभुको प्रतिज्ञालाई सम्झौं।

**ऊ) यूहन्ना १३:३४-३५, रोमी १३:८-१०, २ कोरिन्थी ५:४-१५, १ पत्रुस १:२२, १ यूहन्ना ३:१७-१८**

हामीप्रति परमेश्वरको प्रेम अपार छ, किनभने उहाँले हामीजस्तै पापीहरूलाई प्रेम गरी आफ्नो प्राण दिनुभयो। उहाँले हामीलाई प्रेम गरेझैं हामीले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ। प्रभु येशूको प्रेमले हामीलाई यस्तो विवश पारोस् कि अबउसो हामी आफ्नो निम्ति होइन, तर उहाँको निम्ति जिउनेछौं, जो हाम्रो निम्ति मर्नुभयो र जिइउठ्नुभयो। चेलाहरूको निम्ति प्रभु येशूको प्रमुख आज्ञा यही हो। उनीहरूले आपसमा प्रेमले व्यवहार गर्न सिक्नुपर्छ। प्रेमचाहिँ प्रभु येशूका चेलाहरूको प्रमुख चिन्ह हो, जसबाट सबैले हामीलाई चिन्न सक्दछन्। यसकारण हामी चोखो हृदयले एक-अर्कालाई गहिरो प्रेम गरौं। कपटीले गरेझैं मुखले मात्र प्रेम नगरौं, तर साँचो प्रेम काम र व्यवहारबाट देखाऔं।

**ए) १ पत्रुस १:१३-१६, १ थेस्सलोनिकी ४:१-८, १ यूहन्ना ३:९-१०, मत्ती १८:१५-२०**

प्रभु येशूका सच्चा चेलाहरूको दोस्रो विशेष गुण के हो भने उनीहरू एक पवित्र जाति हुन्छन्। उनीहरू सम्पूर्ण चालचलनमा प्रभुजस्तै पवित्र हुने प्रयास गर्छन्। उनीहरू कहिल्यै पाप गर्दैनन् भन्ने कुरा हामी दाबी गर्दैनौं। तर उनीहरूले सबै अधर्मबाट अलग बस्ने कोशिश गर्छन्। पापलाई हल्का लिने मान्छे ख्रीष्टको चेला होइन। भेड़ा अचानक हिलोमा पर्न सक्छ, तर झट्टै निस्कने कोशिश गर्छ; त्यस्तै विश्वासी पापमा फस्न सक्छ, तर पापलाई घृणा गरेर त्यसलाई तुरुन्तै मानिलिन्छ र त्याग्दछ। आफ्नो जीवनमा र मण्डलीमा हामीले पवित्रता कायम राख्नुपर्छ। यही कारणले गर्दा पापबाट पश्चात्ताप गर्न नचाहनेलाई अनुशासनमा राख्नुपर्छ (१ कोरिन्थी ५:११-१३)। यसो गर्दा सबैजना पाप गर्नुदेखि डराउँछन्।

**ऐ) मत्ती २८:१८-२०, मर्कूस १६:१५, प्रेरित १:८, मत्ती १०:३२-३३, १ पत्रुस ३:१५-१६**

संसारका सबै मानिसहरूले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा परमेश्वर गर्नुहुन्छ। यसैकारण प्रभु येशूले आफ्ना चेलाहरूलाई सारा संसारमा जानू र सबै मानिसहरूलाई मुक्तिको सुसमाचार सुनाउनू भन्ने आज्ञा पूरा अधिकारको साथ दिनुभयो। सुसमाचार प्रचार गरेर उनीहरूले प्रभु येशूका शिक्षाअनुसार चल्ने आज्ञाकारी चेलाहरू बनाउनुपर्छ। यस कामको निम्ति प्रभु येशूले हामीलाई पवित्र आत्माको शक्ति दिने प्रतिज्ञा गर्नुभयो। यसकारण यस प्रतिज्ञालाई सम्झी हामी मानिसहरूको सामु येशूको नाम लिनुबाट नशर्माऔं, तर आफ्नो परिवारमा, आफ्नो गाउँमा र आफ्ना साथीहरूलाई नम्रतासाथ प्रभुको गवाही दिनको लागि सधैं तयार हौं। यसरी हामी परमेश्वरको इच्छा पूरा गर्नुमा मद्दत पुर्‍याउन सक्छौं। मण्डलीको रूपमा सबै मिलेर प्रार्थनाको साथ सुसमाचार प्रचार गर्ने योजना बनाएर हामी आफ्नो क्षेत्रमा सबै मानिसहरूलाई प्रभु येशूको सुसमाचार सुनाउने प्रयास गरौं।

## ङ - प्रभु येशूको मण्डलीको विश्वास

**''हे प्रियहरूहो, जब मैले तिमीहरूलाई हाम्रो साझा मुक्तिको विषयमा लेख्न हर प्रकारले प्रयत्न गरें, तब पवित्र जनहरूलाई एकैचोटि सदाको निम्ति सुम्पिएको विश्वासको लागि तिमीहरूले यत्नपूर्वक संघर्ष गर्नुपर्छ भनी उत्साह दिँदै तिमीहरूलाई लेख्न मलाई खाँचो लाग्यो।'' यहूदा १:४**

प्रभु येशूको समयदेखि लिएर आजसम्म धेरै मानिसहरूले पवित्र बाइबलका अमूल्य सिद्धान्तहरू बिगार्न र बङ्ग्याउन खोजे। जहाँ हामी बाइबलका सत्यताका निम्ति लड्दैनौं, त्यहाँ शैतान र त्यसका झूटा शिक्षकहरूले त्यो बिगार्दछन्। यसले गर्दा हामीले मण्डलीमा र परिवारमा धेरै ठूलो हानि भोग्नुपरेको छ। तर जहाँ हामीले आफ्नो विश्वास थामिराख्छौं, त्यहाँ प्रभुको मण्डली फलिफाप गर्छ, साथै हामी आफूलाई र हाम्रो कुरा सुन्नेहरूलाई जोगाउन सक्छौं। हामी सिद्ध छैनौं र कुनै मण्डली पनि सिद्ध छैन भन्ने कुरा जाने तापनि हामी यहाँ कति मुख्य विश्वासका बुँदाहरू दिन चाहन्छौं, जसका निम्ति संघर्ष गर्न हामी तयार छौं।

## पवित्र बाइबलको विषयमा

हामी पवित्र बाइबललाई मात्र पवित्र आत्माद्वारा प्रेरणा गरिएको परमेश्वरको वचनको रूपमा मान्दछौं। पुरानो नियमका ३९ पुस्तक र नयाँ नियमका २७ पुस्तकहरूबाहेक हामी अरू कुनै किताब हाम्रो विश्वासको कानुन भनी स्वीकार गर्न तयार छैनौं। यसर्थ हरेक मानिसलाई विश्वास र व्यवहारको हिसाबले परमेश्वरको सामु ग्रहणयोग्य तुल्याउनको निम्ति बाइबल पर्याप्त छ भनी हामी विश्वास गर्छौं। अरू कुनै ठाउँबाट नयाँ प्रकाश पाउनु खाँचो छैन। आफ्नो नित्य रहने वचनलाई जोगाउने र विस्तार गर्ने परमेश्वर आफै हुनुहुन्छ। यसकारण प्रभु येशूले भन्नुभयो– 'आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन्।' (मत्ती २४:३५, २ तिमोथी ३:१६–१७, २ पत्रुस १:१९–२१, प्रकाश २२:१८–१९)

## परमेश्वरको विषयमा

शुरुमा परमेश्वरले आकाश र पृथ्वीलाई सृष्टि गर्नुभयो। उहाँको अगाड़ि कोही थिएन, उहाँपछि कुनै दोस्रो ईश्वर छैन। उहाँलाई हामी एकमात्र सत्य परमेश्वरको रूपमा मान्दछौं। उहाँ अनादिदेखि अनन्तसम्म एकनास रहिरहनुहुने सर्वशक्तिमान् सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। सबै कुराहरू उहाँद्वारा र उहाँको निम्ति सृष्टि गरिएका छन्। बाइबलमा हामी त्रिएक परमेश्वरको रहस्यको बारेमा प्रकाश पाउँछौं। परमेश्वर पिता, परमेश्वरको पुत्र प्रभु येशू ख्रीष्ट र परमेश्वरको पवित्र आत्मामाथि हामी विश्वास गर्छौं। (उत्पत्ति १:१, यूहन्ना १:१–४, व्यवस्था ६:४, रोमी १:१९–२०, मत्ती २८:१९, यूहन्ना १७:३, २ कोरिन्थी १३:१४)

## मुक्ति वा सुसमाचारको विषयमा

### अ) मानिसको पापी अवस्था

परमेश्वरले मानिसलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभयो। यसैले मानिस संसारमा सबै पशुहरूभन्दा उच्च र भिन्न प्रकारको सृष्टि हो। मानिसले परमेश्वरको महिमा गर्नुपर्थ्यो, तर परमेश्वरको आज्ञा उल्लङ्घन गरी उसले पाप गर्‍यो। यसरी पहिलो मानिस पापी भयो। उसले परमेश्वरसितको सँगति गुमायो, साथै उसले पापको नमीठो फल भोग्नुपर्‍यो। ऊ मर्‍यो। हामी सबै यही पहिलो मानिसका सन्तान भएका हुनाले हामी पनि स्वभावैले पापी छौं, किनभने पापको सजायबाट अर्थात् मृत्युबाट कोही पनि उम्केको छैन। सबै मर्नुपर्छ, किनभने सबैले पाप गरेका छन्। यसकारण बाइबलले सफासँग भन्दछ – 'धर्मी कोही छैन, एउटै पनि छैन।' (उत्पत्ति १:२६–२७; रोमी ३:१०,२३; ५:१२; ६:२३; एफेसी २:२–३)

### आ) संसारको मुक्तिदाता प्रभु येशू ख्रीष्ट

हामी मानिसहरूले आफूलाई पापी अवस्थाबाट बचाउन सक्दैनौं। न धर्मकर्म गरेर न धेरै कोशिश गरेर हामी धर्मी बन्न सक्छौं। हामी स्वभावैले यति कमजोर मानिस हुन्छौं कि परमेश्वरका नियम हामी पालन गर्न सक्दैनौं। हामी कुनै न कुनै कुरामा चुक्दछौं। यसकारण कुनै धर्मले, कुनै असल नियमले मानिसलाई बचाउन

सक्दै सक्दैन भन्ने कुरा स्पष्ट छ। यसैले परमेश्वरले मानिसहरूलाई बचाउन चाहनुहुँदा कुनै धर्मको नियम दिनुभएन, तर उहाँका एकमात्र पुत्रलाई यस संसारको मुक्तिदाता हुन पठाउनुभयो। प्रभु येशू मरियम नाम गरेकी एउटी कन्याबाट पवित्र आत्माको शक्तिद्वारा जन्मनुभयो। यसर्थ जब प्रभु येशू संसारमा आउनुभयो, तब परमेश्वर स्वयम् मानिस भएर आउनुभयो भनी हामी विश्वास गर्छौं। उहाँले पापरहित जीवन बिताउनुभयो र अन्तमा काठको क्रूसमा आफ्नो प्राण पाप–बलिको रूपमा दिनुभयो। उहाँले आफ्नो निर्दोष, अनमोल रगत हाम्रा पापहरूका निम्ति बगाउनुभयो र यसरी परमेश्वरसित मेलमिलाप राख्ने मुक्तिको उपाय तयार पार्नुभयो। मरेको तेस्रो दिन प्रभु येशू फेरि बौरी उठ्नुभयो। चालीस दिनसम्म उहाँ जीवित हुनुभयो भन्ने अचुक प्रमाणहरू उहाँले आफ्ना चेलाहरूलाई दिनुभयो। उनीहरू उहाँको पुनरुत्थानका गवाही भए। उनीहरूको बीचबाट प्रभु येशू स्वर्गारोहण हुनुभयो र परमेश्वर पिताको दाहिने हातमा बस्नुभयो। त्यहाँ उहाँ अनुग्रहको सिंहासनमा बस्नुभएको छ। उहाँको नाममा सारा संसारमा मुक्तिको सुसमाचारको प्रचार भइरहेको छ। प्रभु येशूमाथि विश्वास गर्ने कोही पनि पापमा नाश नहोस्, तर पापको क्षमा पाई हरेकले अनन्त जीवन पाओस् भन्ने इच्छा राखेर परमेश्वर हामीप्रति धीरजी हुनुहुन्छ। आजसम्म उहाँले हामीलाई दया गरी उहाँतिर फर्कने र पापदेखि पश्चात्ताप गर्ने मौका दिँदै हुनुहुन्छ। (मत्ती १:१८–२३, यूहन्ना १:१४, प्रेरित १:३ र ९, रोमी ३:१९–२०, रोमी ८:३, यूहन्ना १:१३, १:२९, ३:१६, २ कोरिन्थी ५:१८–२१, १ पत्रुस ३:१८, २ पत्रुस ३:९)

**इ) पवित्र आत्माको काम**

प्रभु येशू परमेश्वरको दाहिने हातमा बसेपछि उहाँले आफ्ना चेलाहरूलाई पवित्र आत्मा दिनुभयो। उनीहरूको लागि उहाँ शान्तिदाता हुनुहुन्छ, जो उनीहरूको हृदयमा सधैं वास गर्नुहुन्छ। मुक्तिको निश्चयता र परमेश्वरको सन्तान भइसकेको गवाही पवित्र आत्माले छाप लगाई दिनुहुन्छ। उहाँले हामीलाई सारा सत्यता–भित्र डोर्‍याउनुहुन्छ। उहाँले हामीलाई प्रभु येशूका बल्दो साक्षी तुल्याउनुहुन्छ। उहाँ हामीमा प्रभु येशूका गुणहरू उत्पन्न गर्नुहुन्छ। यी गुणहरू आत्माको फल हुन्। पवित्र आत्माले भरिएको मानिस पापमाथि विजयी हुन्छ र प्रभु येशूको महिमा गर्छ। परमेश्वरको इच्छाको विरोधमा जान खोजेमा सत्यको आत्माले चेताउनी दिई हामीलाई रोक्न चाहनुहुन्छ, पाप गरेमा उहाँले हामीलाई कायल पार्नुहुन्छ र आफ्नो हृदय कठोर पारेमा उहाँ दु:खित हुनुहुन्छ। यसकारण पवित्र आत्माको विरोधमा पाप गर्ने कसैलाई कुनै लाभ हुँदैन भन्ने कुरा सधैं याद गरौं। जबसम्म हामीले साँचो गरी प्रभु येशूमाथि विश्वास गर्दैनौं, तबसम्म पवित्र आत्माले हामीलाई हाम्रो पाप र अविश्वासको विषयमा साबित बनाउनको निम्ति हामीभित्र काम गर्नुहुन्छ। उहाँले हामीलाई परमेश्वरको धार्मिकताको उच्च स्तर र हाम्रो कमी देखाउनुहुन्छ, र हामीलाई हाम्रा पापको सजाय केकस्तो हुनेछ भन्ने कुरा स्पष्ट पार्नुहुन्छ। जबसम्म हामीले पापदेखि पश्चात्ताप गरेर प्रभु येशूमाथि विश्वास गर्दैनौं, तबसम्म उहाँले हामीलाई कायल बनाउने र साबित तुल्याउने काम छोड्नुहुन्न। यसकारण पापलाई माया गर्ने मान्छे विश्वासीहरूको सँगतिमा रहन सक्दैन, तर परमेश्वरको पवित्र उपस्थितिबाट भाग्छ। (यूहन्ना १४:१५–१८, १६:५–१४, प्रेरित १:८, रोमी २:४, ५:५, ८:१४–१७, गलाती ५:२२–२३, एफेसी १:१३–१४, ४:३०)

## मण्डलीको विषयमा

**अ) बप्तिस्मा**

प्रभु येशूको आज्ञाअनुसार उहाँमाथि विश्वास गर्ने सबैले बप्तिस्मा लिएर आफ्नो विश्वासको गवाही दिनुपर्छ। पानीको बप्तिस्माद्वारा हामी 'पापको निम्ति म मरेको छु र विश्वासद्वारा प्रभु येशूसँग एक भएको हुनाले अब एक नयाँ, पवित्र र परमेश्वरलाई मन पर्ने जीवन जिउँछु' भन्ने प्रतिज्ञा दिन्छौं। प्रभुको मृत्यु, गड़ाइ र उहाँको पुनरुत्थानलाई सङ्केत गर्दै बप्तिस्मा पानीभित्र डुबेर लिनुपर्छ भनी हामी विश्वास गर्छौं। सारा हृदयले

प्रभु येशूमाथि विश्वास गर्नेले मात्र बप्तिस्मा लिनुपर्छ। बप्तिस्मा दिने अधिकार प्रभु येशूले आफ्नो मण्डलीलाई दिनुभयो। यसैले हामी कुनै प्रभुको स्थानीय मण्डलीमा बप्तिस्मा लिई त्यसैका सदस्य बन्नुपर्छ। बप्तिस्मा लिएपछि प्रभुको सेवा गर्नु र उहाँका आज्ञाहरूअनुसार चल्नु हाम्रो जिम्मेवारी हो। बप्तिस्मा घरीघरी लिने कुरा होइन, यसको माने बुझेर र प्रभु येशूमाथिको विश्वासमा पक्का भइसकेपछि मात्र एकपल्ट गम्भीरतापूर्वक बप्तिस्मा लिनू भनी हामी आज्ञा दिन्छौं। (मत्ती २८:१८–२०, प्रेरित २:३८, ८:३४–३९, रोमी ६:१–६)

**आ) प्रभु-भोज**

प्रभु येशूको मृत्युको सम्झनामा हामी मण्डलीको रूपमा प्रभु–भोज घरिघरि मान्ने गर्छौं। पहिलेका विश्वासी–हरूले झैं कति मण्डलीहरूले यस भोजको महत्त्व बुझेर यसलाई आइतबार–आइतबार मान्ने गर्छन्। तर कति मण्डलीहरूले महिनामा एकपल्ट यो भोज मान्छन्। यो भोज एक आत्मिक भोज भएको हुनाले बप्तिस्मा लिएका विश्वासीहरूले मात्र यसलाई खान पाउँछन्। यो भोज एक पवित्र भोज भएका हुनाले खानुभन्दा अघि हरेकले आफूलाई जाँच्नुपर्दछ। बेहोशी भएर खानेले आफूमाथि दण्ड ल्याउँछ। योग्य रीतिले लिनेले आशिष् पाउँछ भन्ने कुरामा हामी निश्चित छौं। यस्तो भए पनि हामी रोटीचाहिँ प्रभुको शरीर र अङ्गुरको रसचाहिँ प्रभुको रगतमा परिवर्त्तन भएको कुरामा विश्वास गर्दैनौं। यो भोज सम्झनाको निम्ति मात्र हो। (प्रेरित २:४२, २०:७, १ कोरिन्थी ११:२३–३२)

## भविष्यवाणीहरूको विषयमा

**अ) महा सङ्कष्ट**

प्रभु येशूको दोस्रो आगमन हुनुभन्दा अघि संसारमा सात वर्षसम्म महा सङ्कष्ट–काल हुनेछ। त्यतिखेर लड़ाइँ– झगड़ा परिवारमा मात्र सिमित रहँदैन, तर जाति–जाति र देश–देशका बीचमा हुनेछ। ठाउँ–ठाउँमा अनिकाल, महामारीहरू हुनेछन् र भुइँचालोहरू जानेछन्। परमेश्वरका जनहरू ठूलो सतावटमा पर्नेछन् र झूटा भविष्य–वक्ताहरूको संख्या प्रशस्त बढ्नेछ। त्यस बेला यस्तो महा सङ्कष्ट हुनेछ, जो पृथ्वीको शुरुदेखि अहिलेसम्म भएको छैन। तब ख्रीष्ट–विरोधी प्रकट हुनेछ र सारा संसारलाई ठग्नेछ र सबै मानिसहरूलाई इस्राएल देशको विरोधमा लड़ाइँ गर्न भड्काउनेछ। (मत्ती २४:, मर्कूस १३:, लूका २१:, २ थेस्सलोनिकी २:१–१२, प्रकाश १३:१–१०, १६:१२–१४)

**आ) प्रभु येशूको दोस्रो आगमन**

प्रभु येशूको दोस्रो आगमन दुई भागमा हुनेछ। पहिले सबै विश्वासीहरूलाई संसारबाट लैजानका निम्ति उहाँ बादलहरूमा आउनुहुनेछ। महा सङ्कष्ट हुनुभन्दा अघि यो घटना हुनेछ भनी हामी विश्वास गर्छौं (१ थेस्सलोनिकी ४:१३–१८, ५:१–११)। महा सङ्कष्टको अन्तमा सबै मानिसहरूको निम्ति देख्ने गरी प्रभु येशू ठूलो महिमा र शक्तिको साथ प्रकट हुनुहुनेछ र ख्रीष्ट–विरोधीका सम्पूर्ण फौजहरू खतम गर्नुहुनेछ। प्रभुका सबै पवित्र  जनहरू पनि उहाँसँग आउनेछन् र प्रभु येशूसित १००० वर्षसम्म राज्य गर्नेछन्। (मत्ती २४:२९–३१, प्रकाश १९:११–२१)

**इ) संसारमा प्रभु येशूको १००० वर्षको राज्य**

प्रभु येशू यस संसारमा यरूशलेमदेखि १००० वर्षसम्म राज्य गर्नुहुनेछ। उहाँको राज्यकालमा सारा संसारमा शान्ति रहनेछ। कसैले लड़ाइँ गर्न सिक्नुपर्नेछैन, कुनै हातहतियार चाहिनेछैन। उहाँको राज्य यति अचम्मको हुनेछ कि ब्वाँसोचाहिँ भेड़ाको पाठोसित बस्नेछ, र चितुवाचाहिँ बाख्राको पाठोसँग एक ठाउँमा सुत्नेछ। बाछा, जवान सिंह र पालेको पशु एकसाथ रहनेछन् र एउटा सानो बालकले तिनीहरूलाई डोर्याउनेछ। गाई र भालु

एकसाथ चर्नेछन् र तिनीहरूका बच्चाहरू एकै ठाउँमा सुत्नेछन्। सिंहले गोरुले झैं पराल खानेछ। तिनीहरूले परमेश्वरको पवित्र पर्वतभरि नै कुनै हानि गर्नेछैनन्, न नाश गर्नेछन्। किनभने समुद्र पानीले भरिएझैं पृथ्वी प्रभु येशूको ज्ञानले भरिपूर्ण हुनेछ। (प्रकाश २०:१-६, यशैया २:२-४, ११:६-९)

**ई ) आनन्तकाल**

१००० वर्ष बितेपछि अन्तिम लड़ाइँ हुनेछ। शैतान र त्यसका सेनाहरू अग्नि कुण्डमा फ्याँकिनेछन्। तब न्याय हुनेछ। जीवनको पुस्तकमा नलेखिएकाहरू सबै अग्नि कुण्डमा फलिनेछन्। (प्रकाश २०:७-१५) यसले गर्दा हामी दुईटा पुनरुत्थानमा विश्वास गर्छौं - प्रभु येशूमाथि विश्वास गर्नेहरू पहिले बौरिउठ्नेछन् र प्रभुसँग अनन्त जीवनमा राज्य गर्नेछन्। यो पहिलो पुनरुत्थान हो। दोस्रो पुनरुत्थानमा बाँकी सबै मानिसहरू न्याय र दण्डको निम्ति बौरिनेछन्। न्यायपछि अनन्तकालमा एउटा नयाँ आकाश र पृथ्वी हुनेछन्, जसमा धार्मिकताले वास गर्नेछ। (प्रकाश २१: र २२:, २ पत्रुस ३:१३)

## च - झूटा मण्डलीहरूको रूप-रेखा

शैतान परमेश्वरको शत्रु नै हो। यसकारण सधैं त्यसले परमेश्वरको कामलाई बिगार्न खोज्छ अनि असल र सत्य कुराहरूको नकल गर्छ। यसैले त्यसले प्रभु येशूको साँचो मण्डलीको नकल गरेर धेरै झूटा शिक्षा फैलाउने झुण्डहरू स्थापित गर्‍यो। ती सबै झुण्डहरूले प्रभुको नाम त लिन्छन् र बाइबलबाट सिकाउँछन्, तर बाइबलको शिक्षाको साथसाथै झूटो शिक्षा मिसाउने गर्छन्। यसकारण यी झूटा मण्डलीहरू र यिनका प्रचारकहरू चिन्न शुरुमा निक्कै गाह्रो पर्ला। तर जति हामी प्रभु येशूमाथिको विश्वासमा र पवित्र बाइबलको ज्ञानमा बढ्छौं, त्यति नै हामीलाई भ्रम पार्न तिनीहरूलाई साह्रो हुनेछ। बैंकले पैसाका नोटहरू कुनचाहिँ सकली, कुनचाहिँ नकली हो भन्ने कुरा जान्नुपर्छ, नत्र ता बैंकले हानि भोग्नुपर्छ। हामी पनि यस्तै हुनु खाँचो छ। जसले सकलीलाई चिन्दछ, उसैलाई सबै नकल र झूटा कुराहरू पत्ता लगाउनु सजिलो लाग्छ। यसकारण प्रभु येशूलाई, उहाँको शिक्षा र मण्डलीलाई हामीले राम्ररी चिन्नेबुझ्ने कोशिश गर्नुपर्छ।

अब झूटा मण्डलीहरूको सम्बन्धमा हामी तपाईंलाई एक-दुई सल्लाह दिन्छौं।

१ ) उनीहरूले आफै मात्र सत्य छौं भनी दाबी गर्छन्।
२ ) उनीहरूले पवित्र बाइबलबाहेक अरू कुनै व्यक्तिको, कुनै किताबको वा दर्शनको ज्ञान लिन्छन्।
३ ) उनीहरूले नयाँ नियमलाई छोड़ेर पुरानो नियमबाट आफ्नो सिद्धान्त पुष्टि गर्ने प्रयास गर्छन्।
४ ) उनीहरूले एउटै कुरामा मात्र बढ़ी ध्यान दिएर बाइबलका अरू सबै शिक्षालाई बेवस्ता गर्छन्।
५ ) उनीहरूले आफ्नो गल्ती कहिल्यै स्वीकार गर्दैनन्, तर आफ्नो सिद्धान्त ठीक छ भनी दाबी गर्छन्।
६ ) उनीहरूले प्रभु येशूमा, उहाँको ईश्वरत्वमा, उहाँका अचम्मका कामहरूमा, उहाँको क्रूसको मृत्युमा, उहाँको रगतमा हुने प्रायश्चितमा, उहाँको शारीरिक पुनरुत्थानमा ठेस खान्छन् र यी कुराहरूको विरोधमा बोल्न डराउँदैनन्।
७ ) उनीहरूले धेरै संख्यामा मानिसहरूलाई बढ़ाउनको निम्ति छल गरीकन मीठो बोलीले चिप्ला कुराहरू गर्छन्, तर आफ्नो जीवनमा ख्रीष्टको नम्र स्वभाव देखाउन सक्दैनन्। यस्ताहरूदेखि हामी होशियार रहौं र उनीहरूबाट अलग बसौं, किनभने उनीहरू ख्रीष्टका सेवकहरू होइनन्, तर शैतानका नोकरहरू हुन्।

**प्रार्थना:** ***'हे प्रभु येशू, म तपाईंको सत्य मण्डलीको सदस्य बन्न चाहन्छु। यसैले मलाई तपाईंका पवित्र जनहरू भेट्नुमा सहायता र अगुवाइ गर्नुहोस्। उनीहरूको सँगतिमा म तपाईंको सेवा गर्न सिक्छु र मण्डलीको अधीनमा रहीकन म जीवनभरि नै तपाईंको महिमा गर्न चाहन्छु। धन्यवाद। आमेन।'***

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट
## चेला बनाओ!
### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..............................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: .............................................. वार्ड नं॰: ....................

हुलाक/पो॰ आ॰ : ................................ जिल्लाः ......................................

अञ्चल/प्रदेशः ...................................... देशः .................................

**रजिष्टर नं॰:** ......................

# पाठ ९
## अरू चेलाहरूसँग कसरी सँगति गर्नुपर्छ?

प्रभुका चेलाहरू एक नयाँ समाज बन्छन्, जसलाई 'मण्डली' भनिन्छ। यस मण्डलीको निर्माणकर्ता प्रभु येशू आफै हुनुहुन्छ। बाइबलले मण्डलीलाई प्रभुको शरीर र प्रभु येशूलाई त्यसको शिर भन्दछ। यस सम्बन्धमा तपाईंले कति बुझ्नुभएको छ, सो तपाईंलाई प्रश्न गरी हेरौं।

### क – प्रभु येशूको मण्डली

**१) मत्ती १६:१८ – क) प्रभु येशूका चेलाहरूको जमातलाई के भनिन्छ?** ..............................

**ख) यस मण्डलीको निर्माणकर्ता को हुनुहुन्छ?** ..................................................

**ग) आफ्नो मण्डलीको विषयमा प्रभुको प्रतिज्ञा के छ?** ............................................

..............................................................................................

**२) एफेसी १:२१-२३ – परमेश्वर पिताले प्रभु येशूलाई बौराउनुहुँदा उहाँलाई कुन-कुन अधिकार दिनुभयो?** **अ)** ...............................................................................

**आ)** ..............................................................................

**इ)** ...............................................................................

..............................................................................

३ ) एफेसी १:२१-२३ - क ) मण्डलीको सम्बन्धमा प्रभु के हुनुहुन्छ ? ..................................

ख ) यस सम्बन्धमा मण्डली के हन्छ? ..........................................................................

४ ) एफेसी २:१९-२२ - मण्डलीको जग को हुनुहुन्छ? ...........................................................

..........................................................................................................................

५ ) १ पत्रुस २:५ - मण्डलीमा हामीचाहिँ के हौं? ...................................................................

६ ) एफेसी ३:२१ - यो पद कण्ठस्थ गरी लेख्नुहोस्। .......................................................

..........................................................................................................................

..........................................................................................................................

७ ) एफेसी ३:१४ - १९ क ) प्रेरित पावलले मण्डलीको लागि के गरे? ....................................

..........................................................................................................................

ख ) मण्डलीको लागि परमेश्वरको इच्छा के हो? ( १९ पद ) ....................................................

..........................................................................................................................

८ ) एफेसी ४:१२ - १६ - क ) प्रभुको मण्डली कुन-कुन क्षेत्रमा बढ्नुपर्छ? ( १२ पद )

अ ) ..........................................................................................................................

आ ) ..........................................................................................................................

ख ) प्रभुको मण्डली कतिसम्म बढ्नुपर्छ? ( १३ पद )

अ ) ..........................................................................................................................

आ ) ..........................................................................................................................

इ ) ..........................................................................................................................

ई ) ..........................................................................................................................

ग ) हामी बढ्दैनौं, तर बालकै रहन्छौं भने यसको नतिजा के हुन्छ? ( १४ पद )

..........................................................................................................................

..........................................................................................................................

घ ) यसैले के गरेदेखि हामी उन्नति गर्छौं? ( १५ पद ) ...........................................................

..........................................................................................................................

ङ) प्रभुको मण्डलीले कहिले उन्नति गर्छ? ( १६ पद ) ....................................................

..........................................................................................................................

## ख – प्रभु येशूका स्थानीय मण्डलीहरू

१ ) मत्ती १८:२० – यो पद कण्ठस्थ गरी लेख्नुहोस्। ..........................................................

..................................................................................................................

२ ) प्रेरित २:४१–४२ – क ) स्थानीय मण्डलीमा हामी कसरी सदस्य बन्छौं ? ............................

..................................................................................................................

..................................................................................................................

ख ) मण्डलीको जीवनका चारओटा खाँबा लेख्नुहोस्। अ ) .............................................

........................................ आ ) ..............................................................

इ ) ............................................. ई ) ....................................................

## ग – प्रभु येशूको मण्डलीको प्रशासन

१ ) प्रेरित १४:२३ – मण्डलीको प्रशासन चलाउनेहरूलाई के भनिन्छ ? ..................................

२ ) १ कोरिन्थी १४:३३ र ४० – क ) मण्डलीमा के हुनुहुँदैन ? ............................................

ख ) मण्डली कसरी चल्नुपर्छ ? ..............................................................................

## घ – प्रभु येशूको मण्डलीका सभा र कामहरू

१ ) १ कोरिन्थी १४:२६ – मण्डली भेला हुँदा हामी हरेकसँग के–के हुनुपर्छ ? ..........................

..................................................................................................................

..................................................................................................................

२ ) हिब्रू १०:२४–२५ – क ) एकै ठाउँमा भेला हुने सम्बन्धमा प्रभुको आज्ञा के छ ? ................

..................................................................................................................

ख ) मण्डली भेला हुँदा हामीले एक–अर्कालाई के गर्नुपर्छ ? ..........................................

..........................................................................................................

३ ) १ पत्रुस ४:१०–११ – क ) हरेकले पाएको वरदानसित हामीले के गर्नुपर्छ ? ......................

..................................................................................................................

ख ) यसले गर्दा सबै कुरामा के हुनुपर्छ ? ( ११ पद ) ..................................................

..........................................................................................................

४ ) १ पत्रुस २:५ – परमेश्वरको पूजारी भई हामीले के चढ़ाउनुपर्छ? ....................................

..........................................................................................................

५ ) यूहन्ना ४:२३ –हाम्रो उपासना कसरी ग्रहणयोग्य हुन्छ? ................................................

..........................................................................................................

६ ) प्रेरित २:४२ – प्रभुको शिक्षालाई मण्डलीमा कुन स्तर दिनुपर्छ? ....................................

७ ) हितोपदेश ३:९–१० पदले हामीलाई भेटी दिने सम्बन्धमा के सिकाउँछन्? .......................

..........................................................................................................

८ ) मर्कूस १६:१५ – सुसमाचार प्रचार गर्ने प्रभुको आज्ञाले हामीलाई के भन्छ? ......................

..........................................................................................................

## ङ – प्रभु येशूको मण्डलीको विश्वास

१ ) यहूदा १:४ – प्रभुको मण्डली केकोे लागि संघर्ष गर्नुपर्छ? ................................................

..........................................................................................................

२ ) कुन कुराको निम्ति तपाईं लड्न तयार हुनुहुन्छ? ......................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## च – झूटा मण्डलीहरूको रूप–रेखा

प्रभु येशूको सत्य मण्डलीको विषयमा वा संसारमा भएका झूटा झुण्डहरू र तिनीहरूका शिक्षाहरूको विषयमा केही कुरा सोध्न वा बुझ्न चाहनुभयो भने तल दिइएको खालि ठाउँ प्रयोग गर्नुहोला भनी हामी तपाईंलाई अनुरोध गर्दछौं। धन्यवाद।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

''हामी हरेक एक-अर्काका अङ्गहरू हौं।''   रोमी  १२:५

यसैकारण ...............

१) यूहन्ना १३:३४ ''तिमीहरूले एक-अर्कालाई प्रेम गर!''
२) रोमी १२:१० ''तिमीहरूले एक-अर्कालाई कमलतासाथ माया गर!''
३) रोमी १२:१० ''तिमीहरूले एक-अर्कालाई आदर गर!''
४) रोमी १२:१६ ''तिमीहरू एक-अर्कासँग एकै मनका हौ!''
५) रोमी १४:१३ ''अबउसो हामी एक-अर्काको न्याय नगरौं!
६) रोमी १५:७ ''तिमीहरूले एउटाले अर्कालाई ग्रहण गर!''
७) रोमी १५:१४ ''तिमीहरू एक-अर्कालाई चेताउनी दिने हौ!''
८) रोमी १६:१६ ''तिमीहरूले एक-अर्कालाई अभिवादन गर!''
९) १ कोरिन्थी ४:६ ''तिमीहरूले एउटाको विरोधमा दोस्त्रोको पक्षमा घमण्ड नगर!''
१०) १ कोरिन्थी १२:२५ ''तिमीहरूले एक-अर्काको निम्ति एकै प्रकारको वस्ता राख!''
११) गलाती ५:१३ ''तिमीहरूले प्रेमले एक-अर्काको सेवा गर!''
१२) गलाती ६:२ ''तिमीहरूले एक-अर्काको भार उठाओ!''
१३) एफेसी ४:२ ''तिमीहरूले प्रेमले एक-अर्कालाई सह!''
१४) एफेसी ४:३२ ''तिमीहरू एक-अर्काप्रति दयालु हौ!''
१५) एफेसी ४:३२ ''तिमीहरू एक-अर्काप्रति कमल मनका हौ!''
१६) एफेसी ४:३२ ''तिमीहरूले एक-अर्कालाई क्षमा गर!''
१७) एफेसी ५:२१ ''तिमीहरूले आफूलाई एक-अर्काको अधीनतामा सुम्प!''
१८) कलस्सी ३:९ ''तिमीहरूले एक-अर्कासित झूट नबोल!''
१९) कलस्सी ३:१६ ''तिमीहरूले एक-अर्कालाई सिकाओ र सम्झाओ!''
२०) १ थेस्सलोनिकी ५:११ ''तिमीहरूले एक-अर्कालाई सान्त्वना देओ!''
२१) १ थेस्सलोनिकी ५:११ ''तिमीहरूले एक-अर्काको उन्नति गर!''
२२) हिब्रू ३:१३ ''तिमीहरूले दिनहुँ एक-अर्कालाई अर्ती देओ!''
२३) हिब्रू १०:२४ ''तिमीहरूले एक-अर्काको चिन्ता गर!''
२४) हिब्रू १०:२५ ''तिमीहरूले एक-अर्कालाई उत्साह देओ!''
२५) याकूब ४:११ ''तिमीहरूले एक-अर्काको बदनामी नगर!''
२६) याकूब ५:९ ''तिमीहरूले एउटाले अर्काको विरोधमा गनगन नगर!''
२७) याकूब ५:१६ ''तिमीहरूले एक-अर्काको सामु आफ्ना भूलचूक मानिलेओ!''
२८) याकूब ५:१६ ''तिमीहरूले एक-अर्काको निम्ति प्रार्थना गर!''
२९) १ पत्रुस ३:८ ''तिमीहरूले एक-अर्काप्रति सहानुभूति राख्ने होओ!''
३०) १ पत्रुस ४:९ ''तिमीहरूले एउटाले अर्काको अतिथि-सत्कार गर!''

''हामी ज्योतिमा हिंड्छौं भने एक-अर्कासँग हाम्रो सँगति हुन्छ।''  १ यूहन्ना  १:७